# चन्दननाथ नगरपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८

**प्रमाणीकरण मिती**
**२०७८।०३।३१**

## परिच्छेद-१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस कार्यविधिको नाम  विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि -२०७८ रहेको छ ।
(२) यो कार्यविधि चन्दननाथ नगरपालिकाले राजपत्रमा प्रकाशित गरेको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ ।
**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) “कोष” भन्नाले दफा ३ बमोजिम सञ्चालन एवम् व्यवस्थापन गरिने विपद व्यवस्थापनको रकम सम्झनुपर्दछ ।
(ख) “वडा” भन्नाले नगरका वडा समितिलाई सम्झनुपर्दछ ।
(ग) “तोकिए वा तोकिए बमोजिम” भन्नाले प्रचलित कानून अनुसार तोकिएको वा तोकिए बमोजिमको कुराहरु सम्झनुपर्दछ ।

## परिच्छेद-२
## कोष सञ्चालन एवम् व्यवस्थापन

**३) कोषको स्थापना**
(१) विपद व्यवस्थापन ऐनले व्यवस्था गरेबमोजिम एक कोष खडा गरिनेछ ।
(२) उपनियम (१) बमोजिम बनेको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।
(क) नगरका पदाधिकारी एवम् कर्मचारीले प्रदान गरेको रकम ।
(ख) नगर सभाद्वारा विनियोजन गरिएको रकम ।
(ग) दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससबाट कोषको नाममा सोझै प्राप्त रकम ।
(घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।
(ङ) वडा कार्यालयले विपद व्यवस्थापनमा विनियोजन गरेको रकम ।
**४) कोषको प्रयोग**
(१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ ।
(क) प्राकृतिक प्रकोप, विपद्बाट असर परेको वा पर्नसक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने ।
(ख) तत्कालिन राहत तथा अस्थायी बसोबासको प्रबन्ध मिलाउन ।
(ग) विपद पश्चात् तत्कालिन खाद्यान्नको लागि आर्थिक सहायता व्यवस्था गर्न ।
(घ) विपदबाट घाइते तथा बिरामीको औषधी उपचार गर्ने ।
(ङ) विपदबाट देहावसान तथा काजक्रियाको लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने ।
(च) बाढी, डुबान, पहिरो तथा भूक्षयको तत्कालिन नियन्त्रण गर्ने ।
(छ) विपद व्यवस्थापनका सचेतनामूलक कार्यक्रम गर्ने, पूर्व सावधानी अपनाउने वा पूर्व तयारी गर्ने ।
**५) कोषको रकम प्रयोग गर्न नहुने**

(१) बुँदा नम्बर (४) मा जुनसुकै कुरा लेखिए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन ।
(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब भत्ता वा सुविधा उपलब्ध गराउन ।
(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन ।
(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान प्रदान गर्न ।
(घ) विपदसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

**६) कोष सञ्चालन समिति**

(क) नगरस्तरमा सञ्चालित विपद व्यवस्थापन कोषको सञ्चालनका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ,
अध्यक्ष : नगरस्तरीय बिपद ब्यवस्थापन समितिको संयोजक
सदस्य सचिव : प्रमुख प्रशासकिय अधिकृत
सदस्य : नेपाल रेडक्रस सोसाईटिको प्रतिनिधि
सदस्य : तोकिएको कार्यपालिका सदस्य १ जना
सदस्य :लेखा प्रमुख
(ख) वडास्तरमा विपद व्यवस्थापनको बजेट व्यवस्था भएमा मूल कोषमा समावेश गरी वडास्तरीय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्न सकिनेछ ।
(ग) अन्य कुराहरु नगर कार्यपालिकाले तोकिए बमोजिम हुनेछन् ।

**७) कोषको व्यवस्थापन तथा सञ्चालन**

(१) कोषको रकम भिन्नै खातामा जम्मा गरिनेछ ।
(२) प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख वा नगरपालिकाले तोकेको लेखा अधिकृतको संयुक्त हस्ताक्षरबाट उपनियम
(१) बमोजिमको खाता सञ्चालन गरिनेछ ।

**८) आर्थिक सहायता एवम् पूर्वतयारी योजना**

(१) प्रकोपका जोखिममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping को व्यवस्था गर्ने । यस कार्यको लागि समितिको निर्णय अनुसार वा समितिको अध्यक्ष स्तरबाट लागत अनुमान अनुसार खर्च गर्ने ।
(२) खोज तथा उद्धारका लागि दक्ष जनशक्ति तयार गर्ने र खोज तथा उद्धार सम्बन्धी अत्यावश्यक औजारको प्रबन्ध मिलाउने, समितिको निर्णयअनुसार ।
(३) विपद पश्चात्को विपद व्यवस्थापन एवम् पहिरो नियन्त्रणको योजना सञ्चालन सामुदायिक स्तरमा, समितिको निर्णयअनुसार विनियोजित रकम ।
(४) सामाजिक एवम् गैरसरकारी संघ संस्थाको सहयोग लिई विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम आवश्यकता अनुसार, समितिको निर्णयअनुसार ।
(५) विपद तथा प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु.१,००,०००/- अक्षरुपी एक लाखका दरले आर्थिक सहायता वडा समितिको सिफारिसमा उपलब्ध गराउने ।

(६) विपद्बाट आवागमन अवरुद्द भएको भए मेसिनरी औजार प्रयोग गरी पहिरो पन्छाउनका लागि बढीमा २४ घण्टा जेसिभी प्रयोगको रकम वडा कार्यालयको माग अनुसार खर्च गर्ने । सो भन्दा बढी समय लाग्ने भएमा नगर स्तरीय समिति वा अध्यक्षको आदेश पश्चात् मात्र काम गराउने ।
(७) विपद्बाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्नबाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाका लागि रु. १०,०००/- अक्षरुपी दश हजार सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।
(८) घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु. ५०,०००/- अक्षरुपी पचास हजार सम्म आर्थिक सहायता प्रदान गर्ने ।
(९) प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालमा नेपाल सरकारले उपचारको प्रबन्ध मिलाएकोले उपचारका लागि अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने ।
(१०) प्रकोपबाट पीडितका लागि आश्रयस्थल निर्माणका लागि सहुलियत दरमा निर्माण सामग्री काठ, बालुवा, गिटी (स्थानिय स्तरमा उपलब्ध हुने उपलब्ध गराउने ।
(११) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरीबतास, चट्याङका साथै प्रकोपका कारणबाट भएको हवाई सडक एवम् डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितलाई मात्र राहत सहयोग उपलब्ध गराउने तर राहत उपलब्ध गराउदा अनिवार्य रुपमा प्रहरी मुचुल्का समाबेश गनुपर्नेछ ।
(१२) विपद तथा प्रकोपका कारण जमिनमा पहिरो गई क्षयीकरण भएमा जाली खरिद गरी उपलब्ध गराउने तर जाली भर्ने ढुङ्गा एवम् सामग्री स्थानिय स्तरबाटै व्यवस्थापन गर्नुपर्ने ।
(१३) विपदको समयमा खानेपानी आपूर्ति बन्द भएमा सुचारु गर्ने प्रबन्ध तत्कालै वडास्तरमै मिलाउने ।
(१४) राहत उपलब्ध गराउँदा घटना भएको ३० दिनभित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने । राहत रकम दोहोरो नपर्ने गरी उपलब्ध गराउनु पर्नेछ ।
(१५) माथि उल्लेखित रकमको साथै देहाय अवस्थामा तपशिल बमोजिमको रकम उपलव्ध गराइनेछ :
१) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असह्य भई आम्दानी गर्न नसक्ने भएको र निजलाई वा परिवारको कुनै सदस्यलाइ कडा रोग जस्तै मुटु रोग, क्यान्सर, मृगौला आदि लागि उपचार गर्न नसक्ने भएको व्यहोरा वडा समितिको निर्णयको प्रतिलिपी सहित अध्यक्षबाट प्रमाणित भई आएमा र उक्त सिफारिसको साथमा कडा रोग लागेको प्रमाणित गर्ने कागजात संलग्न भएमा प्रति परिवार बढीमा रकम रु.२०,०००।-(अक्षरुपी वीस हजार मात्र) उपलब्ध गराई ने छ ।
२) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असहाय भई आम्दानी गर्ने नसक्ने भएकोमा निजको वा निजको परिवारको कुनै सदस्यको मृत्यु भई लास उठाउन वा काज किरिया गर्न नसक्ने अवस्था भएको व्यहोरा वडा समितिको निर्णयको प्रतिलिपी सहित अध्यक्षबाट प्रमाणित भई आएमा प्रति परिवार बढीमा रकम रु.१०,०००।-(अक्षरुपी दश हजार मात्र) उपलब्ध गराई ने छ
३) कुनै पनि व्यक्ति वा परिवार दैवीप्रकोपमा (जस्तैःआगालागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी) परी मृत्यू भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, वडा समितिको निर्णयको प्रतिलिपी र वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न

गरी त्यस्ता व्यक्ति वा परिवारका सबैभन्दा नजिकका हकवालाबाट आर्थिक सहायता माग भई आएमा प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायत उपलब्ध गराइने छ ।

४) कुनै पनि व्यक्ति वा परिवारको घर दैवीप्रकोपमा (जस्तैः आगालागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी) परी नष्ट वा नोक्सान भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, वडा समितिको निर्णयको प्रतिलिपी र वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न गरी त्यस्ता व्यक्ति वा परिवारका सदस्यहरुले प्रचलित कानून बमोजिम आर्थिक सहायता माग गरेमा यदि घर आगजनीको भए सम्बन्धित घर धनीलाई रु ५० हजार र घरमा बस्ने मान्छेहरुलाई प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायता रकम उपलब्ध गराईनेछ भने अन्य दैवीप्रकोप ( बाढिपहिरो, चट्याङ्ग, महामारी, हावाहुरी ) भएमा प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायता उपलब्ध गराइने छ ।

**५)** कुनै पनि सभा, सम्मेलन, अधिवेशन जस्ता कार्यक्रमका लागि आर्थिक सहायता माग भई आएमा रकम रु.प्रकृति हेरी ५०००। देखि १००००।

६) नगर सभाको सदस्यहरुको दुर्घटना सम्बन्धमा ...........

७) नगर वासीहरुलाई कडा रोग लागेमा निजामती सेवा नियमावली ( संशोधन सहित ) मा भएको व्यवस्थामा आवश्यक देखाइएको कागजात पेश गरेमा ................

८) नगरपालिकाको कर्मचारी सरकारी कामकाजको सिलसिलामा दुर्घटना हुँदा ...............

९) घर नष्ट भएमा ..........................................

१०) चौपाया दुर्घटनामा .......................................

उल्लेखित कार्यक्रमहरुमा आर्थिक सहायता उपलव्ध गराउँदा

१.यदि बिमा भएमा .......

२.यदि बिमा नभएमा .........................

११) अधिकार प्रत्यायोजन नगरस्तरीय बिपद ब्यवस्थापन समितिले आफूमा रहेको केही अधिकार वा सबै अधिकार वडास्तरमा प्रत्यायोजन गर्न सक्नेछ ।

१२) लेखा तथा लेखापरीक्षण

(१) कोषको आम्दानी खर्च तोकिएको लेखापरीक्षण प्रणाली बमोजिम हुनेछ ।

आज्ञाले,

तिर्थराज पौडेल

प्रमाणिकरण मिती: २०७८/..../....

प्रमुख प्रशासकीय अधिकृत